Regional News Bulletin May 31, 2026

यो आकाशवाणी गान्तोक हो।

## Man Ki Baat: NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आकाशवाणीबाट आफ्नो मासिक रेडियो कार्यक्रम **मन की बात-** मा राष्ट्रलाई सम्बोधन गर्दै, मानिसहरूलाई यस गर्मी याममा प्रशस्त पानी पिउन र घाममा बाहिर निस्कँदा सावधान रहन आग्रह गर्नुभयो। उहाँले देशवासीलाई गर्मी मौसमसम्बन्धी विभिन्न सरकारी विभागहरूले जारी गरेका दिशानिर्देशनहरू पालना गर्न अनुरोध गर्नुभयो। कार्यक्रममा श्री मोदीले आँप खेतीमा संलग्न किसानहरूको योगदानको प्रशंसा गर्दै, आँपको यात्रा अब गाउँबाट विश्व बजारमा पुगिरहेको बताउनुभयो। साथै, उहाँले आफ्नो हालैको नेदरल्याण्ड्स भ्रमणको पनि उल्लेख गर्दै, एक विशेष समारोहमा चोल कालका प्राचीन ताम्रपत्रहरू भारत फिर्ता गरिएको जानकारी दिनुभयो र सरकारले भारतमा यस्ता अमूल्य सम्पदा स्थलहरूको संरक्षण गर्न निरन्तर प्रयास गरिरहेको बताउनुभयो। कार्यक्रममा, प्रधानमन्त्रीले खेलकुद र गङ्गा नदीको डल्फिन बचाउ अभियानबारे पनि कुरा गर्नुभयो। यसका साथै, श्री मोदीले उत्तर प्रदेश, गोवा, तमिलनाडुजस्ता विभिन्न ठाउँका मानिसहरूको प्रेरणादायी कथाहरू उल्लेख गर्नुभयो। उहाँले सबै देशवासीलाई समाजक ा लागि निरन्तर काममा जुटेका व्यक्तिहरूले गरेको राम्रो कामलाई चिन्न र प्रशंसा गर्न अनि आफै पनि कुनै असल कामको हिस्सा बन्न प्रोत्साहन दिनुभयो।

## CM: Dilliram

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज **ओपन रोड वान्डरर्स मोटरसाइकल क्लब**-का सदस्यहरूसँग आगामी सोह्रौँ **नर्थइस्ट राइडर्स मिट** आयोजनलाई लिएर मिन्तोगाङमा भेट गर्नुभयो। मुख्यमन्त्रीले क्लबका सदस्यहरूलाई यस कार्यक्रमका लागि शुभकामना दिनुभयो। उहाँले नाम्ची जिल्लामा आयोजना हुन

गइरहेको **सोह्रौँ नर्थइस्ट राइडर्स मिट**-मा उत्तरपूर्वी क्षेत्रका विभिन्न राज्यलगायत छिमेकी राष्ट्रहरू भुटान, नेपाल र अन्य विभिन्न देशहरूबाट ५ हजारभन्दा बढी राइडर्सहरूले भाग लिने खबरले अत्यन्त हर्षित तुल्याएको बताउनुभयो र यस प्रकारको विशाल जमघटले मोटरसाइकल पर्यटनको बढ्दो लोकप्रियता र सीमाभन्दा परको मित्रता तथा भाइचाराको भावनालाई प्रतिबिम्बित गर्दछ भन्नुभयो। उहाँले सिक्किमको यात्राका क्रममा सहभागीहरूले राज्यको मनमोहक प्राकृतिक सौन्दर्य, विविध भौगोलिक परिदृश्य, समृद्ध सांस्कृतिक सम्पदा तथा रमणीय मोटरसाइकल मार्गहरूको अनुभव लिन अवसर प्राप्त गर्ने उहाँ उल्लेख गर्नुभयो।

## DE Visit to Sikkim: IPR

भारतीय निर्वाचन आयोगका निर्देशक शुभ्रा सक्सेना आज सिक्किम आइपुग्नुभयो। उहाँ सिक्किमको आधिकारिक भ्रमणमा हुनुहुन्छ। उहाँलाई बागडोग्रा विमानस्थलमा प्रोटोकल युनिट, बागडोग्राका अधिकारीहरू, सूचना तथा जनसम्पर्क विभाग, सिलगढी युनिटका प्रतिनिधिहरू र सम्पर्क अधिकारी, सहायक निर्देशक, निर्वाचन विभाग, नोर्बु जाङ्पो लेप्चाले स्वागत गर्नुभयो। निर्वाचन आयोगका निर्देशक, सुश्री सक्सेना राज्यमा मतदाता सूचीको जारी विशेष गहन संशोधनको तयारी र प्रगतिको समीक्षा गर्न मे ३१ देखि ज ून ४, २०२६ सम्म सिक्किम भ्रमणमा रहनुहुनेछ।

## Odd-Even: IPR

सिक्किमको गृह विभागले गान्तोक सहरबाहेक राज्यका सबै जिल्लामा निजी सवारी साधनहरूमा लागेको जोर-बिजोर प्रतिबन्ध तत्काल लागू हुने गरी फिर्ता लिएको छ। एम.एस र एच.एस.डीको बफर स्टकको समीक्षाले पर्याप्त उपलब्धता देखाएपछि गान्तोक सहरभित्र जोर-बिजोर प्रतिबन्ध २०२४ को यातायात सूचनाअनुसार जारी रहनेछ। सरकारी सवारी साधनहरूमा पनि प्रतिबन्ध जारी रहनेछ। यो आदेश १४ मे, २०२६ को पहिलेको सूचनाको आंशिक संशोधन हो र राज्यपालको नाममा जारी गरिएको छ।

## Sikkim Vision 2047: Dilliram

सिक्किम सरकारले **सिक्किम भिजन** २०४७ को तयारीका लागि सञ्चालन समिति र कार्यकारी समिति गठन गरेको छ, जुन देशको **विकसित भारत @**२०४७ को दृष्टिकोणसँग मिल्दो दीर्घकालीन विकास मार्गचित्र हो। मुख्य सचिव रवीन्द्र तेलङद्वारा जारी गरिएको अधिसूचनाअनुसार, दस्तावेज दिगो र समावेशी वृद्धि, पूर्वाधार विकास, वातावरणीय संरक्षण, शासन सुधार, नवप्रवर्तन र मानव विकासमा केन्द्रित हुनेछ। मुख्यन्त्री प्रेमसिंह तामाङको अध्यक्षतामा रहेको संचालन समितिले प्रो. महेन्द्र पी. लामाको अगुवाइमा कार्यकारी समितिले तयार पारेको मस्यौदालाई अनुमोदन गर्नेछ। समितिहरू तत्काल प्रभावसहित गठन गरिएको छ।

## Karate: Summit Times

सिक्किम राज्य कराते-दो संघको ४७ सदस्यीय टोलीले जून ३ देखि ७ सम्म उत्तराखण्डको देहरादुनमा आयोजना हुने पाँचौं **कियो** राष्ट्रिय कराते च्याम्पियनशिप २०२६ मा सिक्किमको प्रतिनिधित्व गर्ने तयारी गरेको छ। टोली भोलि उक्त च्याम्पियनशिपका लागि प्रस्थान गर्दै छ। टोलीमा २५ महिला र २२ पुरुष खेलाडी छन्।

आकाशवाणी गान्तोकबाट प्रदेशिक समाचार पूरा भयो।